# सिद्धिचरण नगरपालिका, ओखलढुङ्गा

१ नं. प्रदेश, नेपाल

## स्थानीय राजपत्र

खण्ड ४) सङ्ख्या ३७ प्रकाशित मिति : २०७८।१२।१०


### भाग २

### बौद्धिक अपाङ्गता भएका बालबालिकाको लागि विद्यालय शिक्षा सञ्चालन कार्यविधि, २०७८

स्वीकृत मिति: २०७८।०९।१०

प्रमाणीकरण मिति: २०७८।०९।१६

**प्रस्तावना:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) ज.को क्रम संख्या १ मा विशेष शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन गर्ने काम कर्तब्य र अधिकार स्थानीय तहको हुने ब्यवस्था छ ।

उल्लेखित कानूनी ब्यवस्थालाई कार्यान्वयन गरी नगरपालिका क्षेत्रमा रहेका बौद्धिक अपाङ्गता भएका बालबालिकालाई आवासिय रुपमा विद्यालय शिक्षा प्रदान गर्ने उद्देश्यले सिद्धिचरण नगर कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी जारी गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यो कार्यविधिको नाम "बौद्धिक अपाङ्गता भएका बालबालिकाको लागि विद्यालय शिक्षा सञ्चालन कार्यविधि, २०७८" रहेको छ ।

ख) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि सिद्धिचरण नगरपालिकाको क्षेत्रभर लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र सिद्धिचरण नगरपालिकाको शिक्षा ऐन, २०७५ लाई सम्झनु पर्छ ।

(ख) "कार्यविधि" भन्नाले बौद्धिक अपाङ्गता भएका बालबालिकाको लागि विद्यालय शिक्षा सञ्चालन कार्यविधि, २०७८ भन्ने सम्झनु पर्छ ।

(ग) "नगरपालिका" भन्नाले सिद्धिचरण नगरपालिका ओखलढुङ्गा भन्ने सम्झनु पर्छ ।

(घ) "कार्यपालिका" भन्नाले सिद्धिचरण नगर कार्यपालिका ओखलढुङ्गा भन्ने सम्झनु पर्छ ।

(ङ) "कोष" भन्नाले यो कार्यविधि बमोजिम बौद्धिक अपाङ्गता भएका बालबालिकाको लागि विद्यालय शिक्षा सञ्चालन गर्न स्थापना गरिएको कोष भन्ने सम्झनु पर्छ।



(च) "बौद्धिक अपाङ्गता भएका बालबालिका" भन्नाले उमेरको बृद्धिसँगै बौद्धिक सचेतनाको विकास हुन नसकी बौद्धिक विकास नभएका कारणले उमेर वा वातावरणमा सापेक्ष क्रियाकलाप गर्न समस्या हुने अवस्थाको बालवालिका सम्झनु पर्छ ।

(छ) "पाठ्यक्रम विकास केन्द्र" भन्नाले संघीय ऐन वमोजिम पाठ्यक्रम निर्माणको लागि जिम्मेवार निकायलाई सम्झनु पर्दछ ।

(ज) "प्रधानाध्यापक" भन्नाले विद्यालयको प्रधानाध्यापक सम्झनु पर्छ ।

(झ) "प्रमुख" भन्नाले नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

(ञ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सिद्धिचरण नगरपालिका ओखलढुङ्गाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(ट) "व्यवस्थापन समिति" भन्नाले विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ठ) "शिक्षा शाखा" भन्नाले नगरपालिकाको शिक्षा क्षेत्र हेर्ने शाखालाई सम्झनु पर्छ ।

## परिच्छेद-२
## उद्देश्यहरु

**३. यो कार्यविधिको उद्देश्य देहाय अनुसार हुनेछ ।**

(क) बौद्धिक अपाङ्गता भएका वालवालिकाको पहिचान गरी उनीहरुलाई विद्यालय शिक्षामा सहभागि गराउने वातावरण तयार गर्ने ।

(ख) नगरपालिका भित्रका ५ देखि १८ बर्ष उमेर समूहका बौद्धिक अपाङ्गता भएका बालबालिकाहरुलाई विद्यालय शिक्षा प्रदान गर्ने ।

(ग) नगर कार्यपालिकाले तोकेको सामुदायिक विद्यालयमा बौद्धिक अपाङ्गता भएका बालबालिकाहरुको लागि विशेष कक्षा संचालन गरी बालमैत्री तथा अपाङ्गमैत्री वातावरणमा शिक्षा प्रदान गर्ने ।

(घ) बौद्धिक अपाङ्गता भएका बालबालिकाहरुलाई विद्यालय शिक्षा उपलब्ध गराउन अविभावकहरुलाई उत्प्रेरित गर्ने।

(ङ) बौद्धिक अपाङ्गता भएका बालवालिकाका लागि निशुल्क आवासीय विद्यालय शिक्षाको ब्यवस्था गर्ने (च) बौद्धिक अपाङ्गता भएका बालवालिकाका लागि निशुल्क आवासीय विद्यालय शिक्षा कार्यक्रम सञ्चालन गर्न आवश्यक भौतिक पूर्वाधारहरुको ब्यवस्थापनका लागि आवश्यक योजना तयार गरी कार्यपालिकामा पेश गर्ने ।

## परिच्छेद-३

## क्रियाकलापहरु

४. **कार्यविधिको उद्देश्य कार्यान्वयनका लागि देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गरिने छ ।**

(क) नगर कार्यपालिकाले छनौट गरेको सामुदायिक विद्यालयमा बौद्धिक अपाङ्गता भएका बालबालिकाको लागि विद्यालय शिक्षा अन्तरगतको कक्षा सञ्चालन गरिने छ ।

(ख) बौद्धिक अपाङ्गता भएका बालबालिकाको लागि विद्यालय शिक्षा सञ्चालन गर्ने सामुदायिक विद्यालयको छनौट गरिदा सो



कार्यक्रमको लागि लागत साझेदारी गर्न सक्ने सामुदायिक विद्यालयको छनौट गरिने छ ।

(ग) बौद्धिक अपाङ्गता भएका बालबालिकाको लागि विद्यालय शिक्षा अन्तरगतको कक्षा सञ्चालन गर्दा पाठ्यक्रम विकास केन्द्र अन्तरगतको पाठ्यक्रमको आधारमा सञ्चालन गरिने छ ।

(घ) यो कार्यविधि अनुसारको कक्षा सञ्चालनका लागि विद्यालयस्तरको ब्यवस्थापकीय कार्य सम्बन्धित विद्यालय ब्यवस्थापन समितिबाट गरिने छ ।

(ङ) बौद्धिक अपाङ्गता भएका वालवालिकालाई शिक्षा प्रदान गर्ने विद्यालय व्यावस्थापन समितिले त्यास्ता वालवालिकाको अभिभावकहरु मध्येवाट छनोट गरि समितिको वैठकमा प्रतिनिधित्व गराउनुपर्ने छ ।

(च) बौद्धिक अपाङ्गता भएका वालवालिकालाई कक्षा सञ्चालन, शैक्षिक सामाग्री, खाजा खाना वापतको रकम नगरपालिकाबाट उपलब्ध गराइने छ र यसरी उपलब्ध गराइने रकमको सीमा तथा मापदण्ड कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(छ) यो कार्यक्रम सञ्चालनका लागि नगरपालिकाबाट विद्यालयलाई उपलब्ध गराइने अनुदान वापतको रकम चौमासिक रुपमा विद्यालयको खाता मार्फत निकासा दिइनेछ ।

(ज) यो कार्यक्रम अन्तरगतको शिक्षा सञ्चालन गरिँदा सम्बन्धित बिषयमा तालीम प्राप्त शिक्षकबाट सञ्चालन गर्ने ब्यवस्था गरिने छ ।

## परिच्छेद-४
## कोषको व्यावस्था

**५.** कार्यक्रम सञ्चालनका लागि देहाय बमोजिमको कोष रहने छ ।

(१) कार्यक्रम सञ्चालनका लागि विद्यालयले छुट्टै कोषको ब्यवस्था गर्नेछ र उक्त कोषमा देहाय बमोजिमका रकम जम्मा गरिने छ ।

(क) नेपाल सरकारबाट प्राप्त हुने अनुदान रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त हुने अनुदान रकम,

(ग) नगरपालिकाबाट विनियोजन गरिएको अनुदान रकम,

(घ) राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरुबाट प्राप्त हुने सहयोग रकम,

(ङ) दाताबाट प्राप्त हुने चन्दा वा सहयोग वापतको रकम,

(च) विद्यालयद्वारा सञ्चालन गरिने विविध क्रियाकलापहरुबाट प्राप्त हुने रकम ।

(छ) कार्यक्रम सञ्चालन सम्बन्धी चौमासिक प्रतिवेदन र विद्यालयको बार्षिक लेखापरीक्षणको समयमा यो कार्यक्रमको बार्षिक आर्थिक कारोवार समेतको लेखापरीक्षण गराई नगरपालिकामा पेश गर्ने दायित्व सम्बन्धित विद्यालयको हुनेछ ।

(२) कोषको सञ्चालन प्रधानाध्यापक र विद्यालय लेखा कर्मचारीको संयुक्त दस्तखतद्वारा हुनेछ ।



६. **अनुगमन सम्बन्धी ब्यवस्थाः**

(१) यो कार्यक्रम अनुगमनका लागि देहाय अनुसारको नगर स्तरीय अनुगमन समिति रहने छ ।

क) उपप्रमुख - संयोजक

ख) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी -सदस्य

ग) सामाजिक विकास शाखाका संयोजक -सदस्य

ग) शिक्षा, युवा तथा खेलकूद विकास शाखाका प्रमुख -सदस्य

घ) महिला, बालबालिका तथा समाज कल्याण शाखाका प्रमुख -सदस्य

(२) अनुगमन समितिले एक चौमासिकमा कम्तीमा एक पटकका दरले अनुगमन गर्नु पर्नेछ ।

(३) अनुगमन समितिबाट गरिएको अनुगमन प्रतिवेदन कार्यपालिकाको वैठकमा पेश गर्नु पर्नेछ ।

७. **संशोधन सम्बन्धी ब्यवस्थाः** यो कार्यविधिको संशोधन गर्नुपर्दा नगर कार्यपालिकाको निर्णय अनुसार संशोधन हुनेछ ।

८. **संशोधन वा खारेजीः (१)** वौद्दिक अपाङ्ग शिक्षा संचालन कार्यविधि संशोधन वा खारेज गर्नु परेमा नगर कार्यपालिकाबाट हुनेछ ।

९. **प्रचलित कानून बमोजिम हुनेः** यो कार्यविधिमा उल्लेखित कुराहरुको हकमा यसै कार्यविधि अनुसार र उल्लेख नभएको हकमा प्रचलित कानून बमोजिम कार्यान्वयन हुनेछ ।

१०. **वाधा अडकाउ फुकाउनेः** कार्यविधि कार्यान्वयनको क्रममा कुनै वाधा अडकाउ आइपरेमा कार्यपालिकाको निर्णय बमोजिम वाधा अडकाउ फुकाउन सकिने छ ।

११. **निश्क्रिय हुनेः** यो कार्यविधिमा लेखिएका कुराहरु प्रचलित अन्य कानुनसँग बाझिएको हदसम्म यसमा लेखिएको प्रावधान स्वतः निष्कृय हुनेछ ।

आज्ञाले

विनोद कुमार दाहाल

प्रमुख प्रशासकीय अधिकृत